एनएमबि बैंक लिमिटेडको
तीसौं वार्षिक साधारण सभाको विवरण (माईन्यूट)

१. प्रारम्भिक :

एनएमबि बैंक लिमिटेडको मिति २०८२/०८/२८ गते बसेको सञ्चालक समितिको ५००औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र बैंकको प्रवन्धपत्र तथा नियमावलीमा उल्लेखित व्यवस्थाहरु बमोजिम बोलाईएको तीसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार गोयलको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी निम्नानुसार निर्णय भयो ।

साधारण सभा बसेको मिति, स्थान र समयः

मिति : २०८२ साल पौष महिना २४ गते, बिहीबार (तद्नुसार जनवरी ८, २०२६)

स्थान : त्रिभुवन आर्मि अफिसर्स क्लब, टुँडिखेल, काठमाडौं ।

समय : बिहान १०:०० बजे ।

२. उपस्थिति:

(अ) सञ्चालकहरू:

सि.नं.	सञ्चालकहरुको नाम	पद	उपस्थिति/अनुपस्थिति
१	श्री मनोज कुमार गोयल	अध्यक्ष	उपस्थित
२	श्री शर्मिला सञ्जिव हार्दि प्रकाश	सञ्चालक	उपस्थित
३	श्री ठाकुर जंग थापा	सञ्चालक	उपस्थित
४	श्री उत्तम भ्लोन	सञ्चालक	उपस्थित
५	श्री हरिश्चन्द्र सुवेदी	सञ्चालक	उपस्थित
६	श्री शिरिष कुमार मुरारका	सञ्चालक	उपस्थित
७	श्री बन्दना पाठक	स्वतन्त्र सञ्चालक	उपस्थित

(आ) आमन्त्रित प्रतिनिधिहरू:

१	श्री आर्नो डि भेट	प्रतिनिधि, एफएमओ, नेदरल्याण्डस्
२	श्री टि पुराहरन सि पि रामकृष्णन	प्रतिनिधि, योंग लियन रियाल्टी, मलेशिया
३	श्री रामचन्द्र पोखरेल	प्रतिनिधि, कर्मचारी सञ्चय कोष
४	श्री गायत्र श्रेष्ठ	प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय
५	श्री शंकर भट्ट	प्रतिनिधि, सिडिएस एण्ड क्लियरिङ्ग लि.
६	श्री मदन कुमार डंगोल	प्रतिनिधि, कानूनी सल्लाहकार
७	श्री सुनिर कुमार ढुङ्गेल	प्रतिनिधि, (लेखापरीक्षक- एस.ए.आर. एशोसिएट्स)

(इ) पदाधिकारीहरू:

१	श्री गोविन्द घिमिरे	–	प्रमुख कार्यकारी अधिकृत
२	श्री सुदेश उपाध्याय	–	बरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत
३	श्री प्रमोद कुमार दाहाल	–	चिफ अफिसर - सर्भिस, अपरेसन्स तथा सपोर्ट र कम्पनी सचिव
४	श्री नविन मान मानन्धर	–	चिफ रिस्क अफिसर
५	श्री श्रीजेश घिमिरे	–	चिफ अफिसर- ट्रान्सफरमेसन्स तथा ईन्टरनेशनल बिजनेश

NMB BANK LIMITED

६	श्री कृष्ण दत्त भट्टराई	–	चिफ रिटेल एण्ड अदर डिपोजिट्स
७	श्री दिनेश दुलाल	–	चिफ सष्टेनेवल इनर्जी बैकिङ्ग
८	श्री मृदुल पराजुली	–	चिफ फाइनान्स एण्ड प्लानिङ्ग

(ई) **शेयरधनीहरू :**

विवरण	संस्थापक	सर्वसाधारण	जम्मा
स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या	१९८	१,२७४	१,४७२

३. **सभाको अध्यक्षता तथा वैधानिकता :**

वार्षिक साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार गोयललाई सभाको अध्यक्षता ग्रहण गर्न अनुरोध गरिए अनुरूप उहाँले सभाको अध्यक्षता गर्नु भयो । बैंकको तीसौं वार्षिक साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरूले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभा अध्यक्षको आज्ञाले कम्पनी सचिव प्रमोद कुमार दाहालले देहायका विवरणहरू प्रस्तुत गर्नु भयो ।

(क) **साधारण सभाको बारेमा सार्वजनिक सूचना :**

बैंकको तीसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनीहरूको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिकाहरु नेपाल समाचारपत्रमा मिति २०८२/०९/०१ र नागरिक राष्ट्रिय दैनिकमा मिति २०८२/०९/०८ गते गरी दुई पटक प्रकाशित गरिएको थियो । उल्लेखित साधारण सभाको सुचनाहरु प्रकाशित गर्दा कम्पनी ऐन, २०६३ को दफा ८४ को प्रयोजनार्थ आ.व. २०८१/८२ को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत दुई पटक सोही पत्रिकाहरुमा प्रकाशित गरिएको र शेयरधनी महानुभावहरूको सुविधाको लागि संक्षिप्त वार्षिक आर्थिक विवरणका साथै वार्षिक प्रतिबेदन बैंकको वेबसाइट www.nmb.com.np मा पनि राखिएको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भएको थियो ।

(ख) **उपस्थिति :** बैंकको साधारण सभामा बुँदा नं. ३(ग) मा उल्लेखित संख्यामा शेयरधनीहरुले उपस्थिति जनाउनु भएको र साधारण सभामा सञ्चालक समितिका हाल कायम सम्पूर्ण संचालकहरु उपस्थित रहनु भएको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भएको थियो ।

(ग) **गणपूरक संख्या :**

१. साधारण सभा प्रयोजनको लागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०८२/०९/०९ मा कायम शेयरधनीहरूले लिएको शेयरको विवरण निम्नानुसार रहेको थियो ।

विवरण		संस्थापक	सर्वसाधारण	जम्मा
कूल संख्या	शेयरधनीहरू	७२८	१,४८,३२०	१४९,०४८
	शेयर	९,३६,७०,२००.३९	८,९९,९६,८५९.२०	१८,३६,६७,०५९.५९

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपूरक संख्या (बैंकका शेयरधनीहरूको स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयरहरूको संख्या) देहाय बमोजिम रहेको थियो ।

उपस्थित विवरण		संस्थापक	सर्वसाधारण	जम्मा
स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या	शेयरधनी संख्या	१९८	१,२७४	१,४७२
	शेयर	७,८३,८०,७९०	२,४४,१९,३६०	१०,२८,००,१५०
उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत	शेयर	८३.६८	२७.१३	५५.९७

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका बिषयहरू उपर छलफल गर्न मिति २०८२/०९/२४ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा १,४७२ जना शेयरधनीहरूबाट यस बैंकको बाँडफाँड भएको कूल शेयर संख्याको ५५.९७ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभा वैधानिक भएको जानकारी कम्पनी सचिवले सभालाई गराउनु भएको थियो ।

४. **छलफलका विषयहरू :**

(क) **सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०८१/०८२ को नाफा नोक्सान हिसाब, अन्य विस्तृत आम्दानीको विवरण, ईक्विटीमा भएको परिवर्तनको विवरण तथा नगद प्रवाह विवरणसहितको वार्षिक आर्थिक प्रतिवेदन पारित गर्ने (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड, एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड र एन.एम.बि. सेक्युरिटिज लिमिटेडको एकीकृत वित्तीय विवरणहरु समेत) ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने । (हालका लेखापरीक्षक एस.ए.आर. एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्स पूनः नियूक्त हुनका लागि योग्य हुनुहुन्छ ।)

४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम हाल कायम शेयर चुक्ता पूँजी रु.१८,३६,६७,०५,९५९/२४ को ५ प्रतिशतका दरले हुन आउने रु.९१,८३,३५,२९७/९६ नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशको कर प्रयोजनका लागि समेत) वितरणको लागि स्वीकृत गर्ने ।

(ख) **विशेष प्रस्ताव :**

१. बैंकको वर्तमान जारी पूँजी रु.२१,३६,६७,०५,९५९/२४ (अक्षेरेपि एक्काईस अरब छतीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) बाट बृद्धि गरी रु.२२,२८,५०,४१,२५७/२० (अक्षेरेपि बाईस अरब अट्ठाईस करोड पचास लाख एकचालीस हजार दुई सय सन्ताउन्न र पैसा बीस मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने ।

२. बैंकको जारी पूँजी बृद्धि गरिने भएकाले सो बराबर चुक्ता पूँजी पुऱ्याउन वर्तमान शेयर चुक्ता पूँजी रु.१८,३६,६७,०५,९५९/२४ को ५ (पाँच) प्रतिशतको दरले हुन आउने रकम रु.९१,८३,३५,२९७/९६ बराबरको बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने ।

३. बोनस शेयर जारी भए पश्चात बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सोहि बमोजिम बैंकको प्रबन्धपत्रको दफा ६ (ख) र (ग) मा संशोधन गर्ने ।

४. बैंकको नियमावलीको नियम ३२ को उपनियम १ को (ख) मा संशोधन गरि संचालकको बैठक भत्ता बृद्धि गर्ने ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

५. बैंकको प्रबन्धपत्रको संशोधनको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाब भएमा सोही बमोजिम गर्न वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

(ग) विविध ।

५. **सभाको शुभारम्भ :**

वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार सभाको अध्यक्ष श्री मनोज कुमार गोयलले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

६. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सभाको काम कारबाही शुरु गर्ने क्रममा सभाको अध्यक्षले कम्पनी सचिवलाई धन्यवाद दिँदै उपस्थित स्वदेशी तथा विदेशी शेयरधनी प्रतिनिधि लगायत सम्पूर्ण महानुभावहरुलाई अभिवादन तथा स्वागत गर्नु भयो । उहाँले सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । वार्षिक प्रतिवेदनको प्रस्तुतिका क्रममा उहाँले समिक्षा बर्ष आ.व. २०८१/८२ मा मुद्रास्फीति दर लक्ष्य भित्र रहेको, विदेशी मुद्राको सञ्चितिमा समेत लगातार बृद्धि देखिएको तथा बजारमा पर्याप्त तरलता रहेको भएतापनि पूँजीगत खर्चको कमी, निर्माण र उत्पादनमूलक क्षेत्रको वृद्धिदर ऋणात्मक रहेको र नयाँ कामका लागि निजी क्षेत्र तयार नभएकोले आर्थिक क्षेत्रमा देखिएको विद्यमान समस्याका वाबजुद पनि बैंकको व्यवसाय विस्तारमा समिक्षा वर्षमा गत वर्षको तुलनामा १८.९१ प्रतिशतले बृद्धि भई बैंकको कर्जा लगानी रु.२ खर्व ४३ अर्व ३० करोड पुगेको र निक्षेप तर्फ समिक्षा बर्षमा गत वर्षको तुलनामा २४.९० प्रतिशतले बृद्धि भई रु.२ खर्व ८३ अर्व ६५ करोड पुगेको ब्यहोरा जानकारी गराउनु भयो ।

त्यसैगरी, एकल अंकको बैंक ब्याजदर रहेको अवस्थामा समेत कर्जाको मागमा कमी आई व्यवसाय विस्तारमा आशातित सुधार हुन नसकेको, घरजग्गाको समग्र मुल्य अवस्था तथा खरिद बिक्रीमा आएको शिथिलता, ब्यापार तथा व्यवसायमा देखिएको मन्दि लगायतका कारणहरुले कर्जा असुलीमा समस्या देखिएको तथा चालु आ.व.मा समेत कर्जा असुलीमा समस्या भएता पनि बैंकले यसका लागि विशेष पहल गरि रहेको र यस्तो अवस्थाका बावजुद पनि समिक्षा वर्षमा गत वर्षको तुलनामा बैंकले कुल संचालन आम्दानी तथा खूद मुनाफामा बृद्धि गर्न सफल भएको ब्यहोरा जानकारी गराउनु भयो ।

बैंकको २९औं वार्षिक साधारण सभाले स्वीकृत गरे बमोजिम रु. ३ अरबको अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्ने प्रकृयालाई अघि बढाई सकिएको र आजको सभामा प्रस्तावित बोनस शेयरको स्वीकृति पश्चात बैंकको हालको चुक्ता पुँजी तथा प्राथमिक पुँजीमा थप सवलता आउने ब्यहोरा जानकारी गराउनु भयो ।

“समृद्ध नेपालको लागि” भन्ने मुल नाराका साथ बैंकले दिगो क्षेत्रमा आफ्नो लगानीलाई बढाउँदै लागेको, वातावरणीय तथा सामाजिक जोखिमलाई ध्यानमा राख्दै बैंकले प्राथमिकताप्राप्त क्षेत्रमा व्यवसायलाई विस्तार गर्दै लगेको, हरित गृह ग्यास उत्सर्जनलाई कम गर्नका लागि बैंकले विषेश रणनीति अपनाउँदै अगाडी बढेको, ग्राहक मैत्री तथा प्रभावकारी डिजिटज बैंकिङ्ग सेवा विस्तारलाई बैंकले मुख्य प्राथमिकतामा राखेको र कर्जाको गुणस्तरमा सुधार गर्दै उर्जा, कृषि तथा साना तथा मझौला क्षेत्रमा कर्जाहरुको आकारलाई बृद्धि गर्दै लैजाने रणनीति लिएको ब्यहोरा जानकारी गराउनु भयो ।

चालु बर्षमा भएको बैंकको उपलब्धिलाई प्रस्तुत गर्दै उहाँले समग्रमा बजार स्थितिलाई हेर्दा बैंकको उपलब्धी सन्तोषप्रद नै देखिएको र बैंक भविष्यका योजनाहरु तथा बैंकका रणनीतिहरुलाई सफल बनाउन दृढसंकल्प रहेको ब्यहोरा समेत सभालाई जानकारी गराउनु भयो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

७. **छलफलको लागि आह्वान :**

साधारण सभामा निर्धारित प्रस्तावहरूको बिषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरूप सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण लगायत सूचनामा प्रकाशित भए बमोजिमका छलफलका विषयहरु उपर आ-आफ्नो मन्तब्य, बिचार, जिज्ञासा तथा सुझावहरू राख्न चाहाने शेयरधनी महानुभावहरूलाई सहभागी हुन सभाका अध्यक्षबाट अनुरोध भयो ।

८. **छलफलमा सहभागी हुने शेयरधनीहरू :**

देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागि भई आ-आफ्नो विचारहरु (मन्तव्य तथा लिखित सुझावका रुपमा) राख्नु भएको थियो ।

क)	श्री उत्तम दत्त पाण्डे	ध)	श्री ब्रम्हदेव शाक्य
ख)	श्री शत्रुघन श्रेष्ठ	न)	श्री गोविन्द बहादुर के.सी.
ग)	श्री सुदिप श्रेष्ठ	प)	श्री अमिर दास रञ्जित
घ)	श्री उद्धब प्रसाद घिमिरे	फ)	श्री इन्द्र प्रसाद लामिछाने
ङ)	श्री गुणराज भट्ट	ब)	श्री लक्ष्मण बहादुर श्रेष्ठ
च)	श्री भक्ति प्रसाद उप्रेती	भ)	श्री माधव प्रसाद सिँखडा
छ)	श्री नरसिंह लाल चखूँ	म)	श्री उत्तम पाठक
ज)	श्री उत्सब सुन्दर श्रेष्ठ	य)	श्री निरुपमा गुप्ता
झ)	श्री युगल बसेल	र)	श्री राम श्रेष्ठ
ञ)	श्री गोविन्द बाँस्तोला	ल)	श्री कृष्ण प्रसाद अधिकारी
ट)	श्री रोज कुमार श्रेष्ठ	व)	श्री सुरेन्द्र चिमौरिया
ठ)	श्री राम गोपाल महर्जन	श)	श्री डमरु बल्लभ घिमिरे
ड)	श्री लबराज जोशी	ष)	श्री महेन्द्र बहादुर श्रेष्ठ
ढ)	श्री उपेन्द्र खड्का	स)	श्री चन्द्र नारायण श्रेष्ठ
ण)	श्री व्यास कुमार शर्मा	ह)	श्री इन्द्र कृष्ण श्रेष्ठ
त)	श्री रामचन्द्र पोखरेल (प्रतिनिधि कर्मचारी संचय कोष)	क्ष)	श्री भेषराज भण्डारी
थ)	श्री आर्नो डि भेट (प्रतिनिधि एफएमओ नेदरल्याण्डस्)	त्र)	श्री जगन्नाथ आचार्य
द)	श्री बैजूनाथ रौनियार	ज्ञ)	डा. राम्जी प्रसाद पण्डित

९. **शेयरधनी तथा प्रतिनिधिहरूबाट ब्यक्त गरिएका मन्तव्य तथा लिखित सुझावहरूको साराँश :**

- बैंकको वार्षिक प्रतिवेदन समयमा नै प्राप्त भएको र समयमा साधारण सभाको कामकारबाहीहरु शुरु गर्नु भएको र सभामा शेयरधनीहरुलाई हाजीरी गर्नको लागि राम्रो व्यवस्थापन गर्नु भएकोमा धन्यवाद ब्यक्त भएको ।
- शेयरधनीहरुले लगानी गरेपछि प्रतिफलको आशा गर्ने हुँदा शेयरधनीहरुलाई ५ प्रतिशत नगद र ५ प्रतिशत बोनश शेयरको प्रस्ताव गरेको राम्रो रहेको र बोनस शेयरबाटै बैंकको पूँजी बृद्धि भई संस्था बलियो हुने कुरा उल्लेख भएको । साथै, बैंकले लाभांश वितरण नीति बनाई नियमित (stable and consistent) रुपमा लाभांश वितरण गर्न सुझाव प्राप्त भएको ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

- बैंकको कर्जा असुलीका क्रममा बैंकले गैह्र बैंकिंग सम्पत्तिमा लेखाङ्कन गरेकाले सो को बेचविखनका बारेमा जानकारी गर्न माग गरिएको । साथै, अपलेखन गरिएका कर्जाको बारेमा समेत असुली अवस्थाको जानकारी गराउन माग गरिएको ।
- बैंकिङ्ग क्षेत्रमा कर्जा विस्तार हुन नसकेको, खराब कर्जा बढ्दै गएको र यसले बैंकलाई समेत असर पारेको हुँदा बैंकलाई पर्न सक्ने यस प्रकारको असरहरु कम गर्नका लागि जोड दिनुपर्ने तथा Impairment of charge घटाउनको लागि ध्यान दिन सुझाव प्राप्त भएको ।
- बैंकले दिगो बैंकिङ्गमा केन्द्रित रहि विभिन्न क्षेत्रमा लगानी विस्तार गर्दै अग्रणी स्थानमा रहेको र गत आर्थिक वर्षको नाफाबाट शेयरधनीहरुलाई नगद तथा बोनस शेयर वितरण गर्न लागेकोमा व्यवस्थापन तथा सञ्चालकहरुलाई धन्यवाद व्यक्त भएको ।
- बैंकले आफ्नो भिजन र मिसन बमोजिम ग्राहकहरुलाई अत्याधुनिक प्रविधिमा आधारित सेवा प्रदान गर्दै आएको र आगामी दिनहरुमा Digital Banking सेवा प्रवाहमा जोड दिनको लागि सुझाव प्राप्त भएको ।
- बैंकका सहायक कम्पनीहरु पनि राम्रा रहेको, शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम सम्बन्धित शेयरधनीहरुलाई वितरण गर्नको लागि आवश्यक व्यवस्था मिलाउन र बैंकको चालु अवस्थामा रहेका मुद्दाहरु यथासम्भव छिटो फर्छ्यौट गर्नको लागि अनुरोध गर्दै बैंकको खराब कर्जा घटाउनुपर्ने बताउनु भएको ।
- बैंकको नक्साल स्थित भवन निर्माणको अवस्था तथा कमलादी स्थित जग्गाको मुद्दाको अवस्था जानकारी उपलब्ध गराउन माग गरिएको ।
- बैंकले Letter of Credit, Remitance को कारोवार बृद्धि गर्न, अनलाइन सेवा विस्तार गर्न र बैंकको वित्तीय सूचकहरु राम्रो रहेकोले पूँजी बृद्धि गर्न सुझाव प्राप्त भएको ।
- संस्थामा शुसासन राम्रो रहेकोले लाभांश वितरण गर्न सफल भएको उल्लेख गर्दै बैंकको भविष्य राम्रो रहेको । हाल बैंकबाट कर्जा लगानी पर्याप्त हुन नसकेको र हाल नेपाली बैंकिंग प्रणालीको इतिहासमा सबै भन्दा कम मध्येको व्याजदरको अवस्था रहेकाले सो बाट सृजना हुनसक्ने प्रतिकूल अवस्थाका बारेमा सचेत रहन सुझाव प्राप्त भएको ।
- बैंकले कर्जा प्रवाह गर्दा लिएको धितोको गुणस्तरको कारणले धितो लिलाम हुन नसकेको हो की भन्ने आशंका व्यक्त गर्दै बैंकको खराब कर्जा बढ्दै गएकोले यसलाई घटाउनु पर्ने, धितो लिलाम गर्नको लागि नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको सहयोग माग्नु पर्ने कुरा उल्लेख गर्नु हुँदै साधारण सभामा पेश गरिएका सम्पूर्ण प्रस्तावहरुमा सहमति रहेको कुरा अवगत गराइएको ।
- अपलेखन भएका कर्जालाई Write back गर्नु पर्ने, गैर बैकिङ्ग सम्पत्तिलाई बिक्री गर्दै कर्जा असुलीमा जोड दिन सुझाव प्राप्त भएको ।
- लगानीको लागि नयाँ क्षेत्रहरु पहिचान गरी विस्तार गर्न र Risk Management and Recovery Team सँगै सहकार्य गरेर अगाडी बढ्नु पर्ने सुझाव प्राप्त भएको ।
- विभागीय प्रमुख, प्रदेश प्रमुख र शाखा प्रमुखहरु आफ्नो जिम्मेवारीबाट विमुख नभई सुशासन कायम गरी काम गर्नु पर्ने, शाखाहरुको वित्तीय अनुशासन कायम गरी आन्तरीक नियन्त्रण प्रणालीलाई समेत मजबुद बनाई नाफामुखी रुपमा संचालन गर्न सुझाव प्राप्त भएको ।
- संस्थाबाट कर्मचारीहरुले तलब पाए जस्तै शेयरधनीहरुले लाभांश प्राप्त गर्ने हुँदा आगामी दिनहरुमा शेयरधनीहरुले प्राप्त गर्ने लाभांश बृद्धी गर्नको लागि सुझाव प्राप्त भएको ।
- संस्थामा रहेका मुद्दाहरुलाई छिटो समाधान गर्न, संस्थामा सञ्चालक समितिको खर्च र विज्ञापन खर्च धेरै भएकोले घटाउनको लागि सुझाव प्राप्त भएको ।
- संस्थागत सामाजिक उत्तरदायित्वको रकमका सम्बन्धमा चासो राख्दै उक्त रकम दीन-दुःखीहरुको सेवाका लागि खर्च गर्नु पर्ने सुझाव प्राप्त भएको ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

- संस्थामा शेयरधनीहरुको शक्ति महत्वपूर्ण हुने भएकोले शेयरधनीहरुलाई सम्मान गर्नु पर्ने सुझाव प्राप्त भएको ।
- साधारण सभामा व्यक्त गरेको मन्तव्यको सम्बन्धमा सञ्चालक समितिले चासो देखाई विचार विमर्श गर्नु पर्ने सुझाव प्राप्त भएको ।
- बैंकले दुर्गम ठाउँमा खोलिएका शाखाहरुमा कर्जा असुलीमा अवरोध हुन थालेकोले दुर्गम ठाउँमा शाखा खोल्नको लागि विचार गर्नु पर्ने अवस्था आएको र बैंकले हाल विपन्न वर्गमा ५ प्रतिशत कर्जा लगानी गर्दै आईरहेकोमा विपन्न वर्गमा प्रवाह भएको कर्जा असुलीमा अवरोध हुन शुरु भएकोले भविष्यमा विपन्न वर्गले कर्जा नै प्राप्त गर्न नसक्ने अवस्था आउन सक्ने भएकाले त्यसतर्फ सचेत रहनु पर्ने सुझाव प्राप्त भएको ।
- बैंकहरुको खराब कर्जा बृद्धी हुँदै गईरहेको अवस्थामा नेपाल राष्ट्र बैंकले Assets Management Company स्थापना गर्ने भनेकोमा सोको प्रक्रियाको बारेमा के हुँदैछ भन्ने जिज्ञासा व्यक्त भएको ।
- लगानी गर्दा बिचार गर्न, कर्जा असुलीमा ध्यान दिन, कर्मचारीहरुको मनोवल बृद्धी हुने गरी काम गर्न सुझाव प्राप्त भएको ।
- तल्लो तहका कर्मचारीहरुलाई निर्देशन दिने मात्र नभई कर्मचारीहरुले काम गर्न प्रेरित भई काम गर्ने वातवरण निर्माण गर्नु पर्ने कुराका लागि सुझाव प्राप्त भएको ।
- बिभिन्न सुचिकृत कम्पनीका वार्षिक साधारण सभाहरु एकै समय र एकै दिनमा पर्न जाँदा सबैतिर शेयरधनी रहेका शेयरधनीहरुले आफ्नो विचार राख्ने अवसरबाट वञ्चित हुनुपर्ने अवस्था रहेकोले सकभर बैंकको साधारण सभा मिति तथा समय अन्य सभासंग नजुध्ने गरि तोक्न सुझाव प्राप्त भएको ।
- संस्थाको पफरमेन्सको कुरा गर्दा देशको परिस्थितीलाई समेत विचार गर्नु पर्ने कुरा उल्लेख गर्दै प्रतिष्ठित संस्थाहरुले पनि प्रतिफल दिन नसकेको वर्तमान अवस्थामा यस बैंकले दिएको प्रतिफल राम्रो रहेको सुझाव प्राप्त भएको ।
- बैंकको हाल Reserve and Surplus राम्रो रहेको, Portfolio राम्रो रहेको र नाफा बृद्धि भएको ब्यहोरा उल्लेख भएको । साथै, बैंकको शाखा विस्तार गर्दा विचार गर्नुपर्ने, अपलेखन भएका कर्जालाई Write back गर्नु पर्ने, बैंकले Assets को गुणस्तरमा ध्यान दिन र कर्जा प्रवाहमा विचार गर्नुपर्ने सुझाव प्राप्त भएको ।
- एनएमबि बैंक नेपालका बैंकहरुको माझमा एउटा अरु जस्तो सामान्य बैंक हो की एक विशेष बैंक हो भन्ने जिज्ञासा राख्दै बैंकले लैङ्गिक समानता कायम गर्दै महिलाहरुको प्रतिनिधित्वलाई बढाउँदै जानु पर्ने सुझाव प्राप्त भएको ।
- बैंकका शाखाहरुलाई स्थलगत निरीक्षण गरी निरन्तर अनुगमन गर्नुपर्ने, कर्मचारीहरुलाई प्रशिक्षण, तालिम प्रदान गरी दक्षता अभिबृद्धि गर्नु पर्ने कुरा उल्लेख गर्दै बैंकको उत्तरोत्तर प्रगतीको कामना प्राप्त भएको ।
- आगामी वार्षिक साधारण सभा प्रथम त्रैमासिक भित्र गर्न सुझाव प्राप्त भएको ।
- दीर्घकालिन दायित्व व्यवस्थापन गर्न बैंकको लगानी रणनीति कत्तिको सुरक्षित छ ? Policy lapses घटाउन तथा ग्राहक निरन्तरता बढाउन बैंकले के कस्ता नयाँ उपाय अपनाइरहेको छ ? सो को जानकारी पाउन अनुरोध गर्दै, खर्चमा मितव्ययिता अपनाएर अघिबढ्नु पर्ने भन्दै साधारण सभाको सफलताको कामना प्राप्त भएको ।
- बैंकको नयाँ शाखा खोल्नका लागि हतार नगर्न र मर्जरमा गएका बैंकहरुले राम्रो मुनाफा आर्जन गर्न नसकेको कारण शेयरधनीहरुले प्राप्त गर्ने प्रतिफल घट्दै गएकोले यस बैंक मर्जरमा नजान सुझाव प्राप्त भएको ।

१०. शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिका तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :

सभाका अध्यक्षबाटः

सभाका अध्यक्षले शेयरधनी महानुभावहरुको मार्गदर्शन र सक्रिय सहभागिताको लागि धन्यवाद दिदै शेयरधनीहरुबाट आएका जिज्ञासा तथा सुझावहरुका सम्बन्धमा देहाय बमोजिमको जवाफ तथा धारणाहरु राख्नु भयो ।

- बैंकले केन्द्रीय कार्यालय निमार्ण गर्नका लागि खरिद गरेको नक्साल स्थित जग्गामा नयाँ भवनको नक्सा पास गर्ने प्रक्रिया अघि बढाई राखिएको र बैंकको कमलादी स्थित रहेको जग्गाको सम्बन्धमा परेको मुद्दाको अन्तिम किनारा भई नसकेको ।
- बैंकको लाभांश नीति Stable र consistant खालको हुनुपर्छ भन्ने कुरामा कुनै द्विविधा नभएतापनि हालको अवस्थामा नाफाको अवस्था एकिन हुन नसक्ने तथा नियमाकीय प्रावधानहरुका कारणले सो रकम सोही वर्षको अन्त्यमा मात्र अवगत हुने भएका कारण नीतिगत एकरुपता गर्न कठिन भए पनि सक्दो मात्रामा लाभांश कायम गर्न संचालक समिति र कर्मचारीहरुको पुरा प्रयास रहने ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रहेको रकमको खर्च नेपाल राष्ट्र बैंकबाट निर्देशित हुने हुँदा सो रकम उपयुक्त तथा निर्देशित क्षेत्रमा खर्च गरिएको तथा भविष्यमा सोही अनुसार गर्ने जानकारी गराउनु भएको ।
- मौद्रिक नितिमा उल्लेख भए अनुसार Asset Management Company का लागि आवश्यक कानुन एवं नियमका लागि सम्बन्धित निकायवाट काम भैरहेको भन्ने जानकारी प्राप्त भएको जानकारी गराउनु भएको ।
- एनएमबि बैंक अरु बैंक सरह नै एउटै कानुन अन्तरगत संचालित बैंक भए पनि पर्यावरण सम्बर्द्धन, सामावेशिकरण तथा लैंगिक समानता लगायतका मुल्यमा आधारित बैंकिंग अवधारणलाई आत्मसाथ गरि काम गरि रहेकोले यसले नेपाली बैंकिंग क्षेत्रमा पृथक पहिचान बनाउन सफल भएको जानकारी गराउनु भएको ।
- दीर्घकालिन दायित्व व्यवस्थापनका लागि बजारको अवस्था अनुसार रणनीति तर्जुमा गरि रहेको, हालसम्म कुनै किसिमको अप्रिय अवस्था सृजना नभएको, नीतिगत त्रुटी नदेखिएको तथा परिस्थिति अनुरुप नीति तथा व्यवहार संचालन गर्न आवश्यक कदम लिन तथा उपाय अबलम्वन गर्न सक्षम रहेको जानकारी गराउनु भएको ।
- शेयरधनी महानुभावहरुबाट प्राप्त सुझावहरुलाई ग्रहण गर्दै आवश्यकतानुसार शेयरधनीहरुसंग छलफल गर्न सदैव तयार रहेको जानकारी गराउनु भएको ।

सभाका अध्यक्षको आज्ञाले प्रमुख कार्यकारी अधिकृत श्री गोविन्द घिमिरेबाट:

बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुको मन्तब्य तथा सुझावहरुको लागि धन्यवाद ज्ञापन गर्नु भयो । उहाँले शेयरधनीहरुबाट प्राप्त सुझावहरुलाई ग्रहण गरी अगाडी बढ्ने कुरा व्यक्त गर्दै शेयरधनीहरुबाट आएका जिज्ञासाहरु उपर देहायका धारणाहरु राख्नु भयो:

- बैंकले खराब कर्जा घटाउनका लागि विशेष डेक्स गठन गरि कार्य अगाडी बढाएको तथा शाखाहरुलाई असुलीमा सहज होस भनेर स्थानीय स्तरमा समेत कर्मचारीहरु खटाईएको । खराब कर्जा असुलीका लागि बैंकले ग्राहकको कठिनाई समेत बुझेर कर्जा असूली कार्य तथा कर्जा नियमित गर्ने गरिएको ।
- शाखा कार्यालयहरु घटाउने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनमा उल्लेखित व्यवस्था बमोजिम महानगरपालिकामा नजिकको स्थानमा रहेका शाखाहरुलाई गाभ्ने तथा स्थानान्तरणको प्रकृया शुरु गरिएको ।
- शाखा कार्यालयहरुको सुरक्षाका सम्बन्धमा स्थानीय स्तरको अवस्था बुझेर आवश्यक निर्णय गर्ने गरिएको ।
- विज्ञापन खर्चमा रहेको रकममा शाखा कार्यालयको होर्डिङ बोर्ड तथा अन्य ब्राण्डिङसंग सम्बन्धित खर्चहरु समेत रहेको ।
- अपलेखन गरिएका कर्जा र गैर बैंकिङ्ग सम्पत्तीमा लेखाङकन गरिएका कर्जा असुलीका लागि केन्द्रीय स्तरमा कर्जा असूली बिभागको मातहतमा रहने गरि छुट्टै जिम्मेवारी तोकिएको ।
- अन्त्यमा, एनएमबि बैंक प्रति देखाउनु भएको विश्वास र मायाको लागि बैंकका सम्पुर्ण शेयरधनीहरु, एफएमओ, योंग लियन रियल्टी, कर्मचारी संचय कोषका प्रतिनिधिहरु, नियमनकारी निकायहरु लगायत सभामा उपस्थित सम्पुर्ण महानुभाबहरुलाई धन्यवाद ज्ञापन गरिएको ।

११. सभाबाट पारित प्रस्तावहरू :

साधारण सभामा पूर्व सूचित छलफलका विषयहरूमा छलफल गरी पारित गर्न अध्यक्षको आज्ञाले कम्पनी सचिवले क्रमानुसार देहायका प्रस्तावहरू पेश गर्नु भयो ।

(क) सामान्य प्रस्तावतर्फ :

१. तीसौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार गोयलले पेश गर्नु भएको आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०८१/०८२ को नाफा नोक्सान हिसाब, अन्य विस्तृत आम्दानीको विवरण, ईक्विटीमा भएको परिवर्तनको विवरण तथा नगद प्रवाह विवरणसहितको वार्षिक आर्थिक प्रतिवेदन (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड, एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड र एन.एम.बि. सेक्युरिटिज लिमिटेडको एकीकृत वित्तीय विवरणहरु समेत) सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भए अनुसार लेखापरीक्षक एस.ए.आर. एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्सलाई रू.२७,५०,०००/- (अक्षरेपी सत्ताईस लाख पचास हजार मात्र) (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी लेखापरीक्षकमा नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम हाल कायम शेयर चुक्ता पूँजी रु.१८,३६,६७,०५,९५९/२४ को ५ प्रतिशतका दरले हुन आउने रु.९१,८३,३५,२९७/९६ नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशको कर प्रयोजनका लागि समेत) वितरणको लागि स्वीकृत गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(ख) विशेष प्रस्तावतर्फ :

१. बैंकको वर्तमान जारी पूँजी रु.२१,३६,६७,०५,९५९/२४ (अक्षेरेपि एक्काईस अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) बाट बृद्धि गरी रु.२२,२८,५०,४१,२५७/२० (अक्षेरेपि बाईस अरब अट्ठाईस करोड पचास लाख एकचालीस हजार दुई सय सन्ताउन्न र पैसा बीस मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

२. बैंकको जारी पूँजी बृद्धि गरिने भएकाले सो बराबर चुक्ता पूँजी पुऱ्याउन वर्तमान शेयर चुक्ता पूँजी रु.१८,३६,६७,०५,९५९/२४ को ५ (पाँच) प्रतिशतको दरले हुन आउने रकम रु.९१,८३,३५,२९७/९६ बराबरको बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

३. वोनस शेयर जारी भए पश्चात बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सोहि बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६ (ख) र (ग) मा देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय भयो :

(अ) प्रबन्धपत्रको **दफा ६ (ख)** मा हाल रहेको "बैंकको जारी पूँजी रु.२१,३६,६७,०५,९५९/२४ (अक्षेरेपि एक्काईस अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १८,३६,६७,०५९.५९ (अक्षेरेपि अठार करोड छत्तीस

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

लाख सतसट्ठी हजार उनन्साठी दशमलव पाँच नौं) थान साधारण शेयरमा र प्रतिशेयर रु.१००/- दरका ३,००,००,००० (अक्षेरेपी तीन करोड) थान अग्राधिकार शेयर गरी २१,३६,६७,०५९.५९ (अक्षेरेपि एक्काईस करोड छत्तीस लाख सतसट्ठी हजार उनन्साठी दशमलव पाँच नौं) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको जारी पूँजी रु.२२,२८,५०,४१,२५७/२० (अक्षेरेपि बाईस अरब अट्ठाईस करोड पचास लाख एकचालीस हजार दुई सय सन्ताउन्न र पैसा बीस मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १९,२८,५०,४१२.५७ (अक्षेरेपि उन्नाईस करोड अट्ठाईस लाख पचास हजार चार सय बाह्र दशमलव पाँच सात) थान साधारण शेयरमा र प्रतिशेयर रु.१००/- दरका ३,००,००,००० (अक्षेरेपी तीन करोड) थान अग्राधिकार शेयर गरी २२,२८,५०,४१२.५७ (अक्षेरेपि बाईस करोड अट्ठाईस लाख पचास हजार चार सय बाह्र दशमलव पाँच सात) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था गर्ने ।

(आ) प्रबन्धपत्रको **दफा ६(ग)** मा हाल रहेको "बैंकको चुक्ता पूँजी रु.२१,३६,६७,०५,९५९/२४ (अक्षेरेपि एक्काईस अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १८,३६,६७,०५९.५९ (अक्षेरेपि अठार करोड छत्तीस लाख सतसट्ठी हजार उनन्साठी दशमलव पाँच नौं) थान साधारण शेयरमा र प्रतिशेयर रु.१००/- दरका ३,००,००,००० (अक्षेरेपि तीन करोड) थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको चुक्ता पूँजी रु.२२,२८,५०,४१,२५७/२० (अक्षेरेपि बाईस अरब अट्ठाईस करोड पचास लाख एकचालीस हजार दुई सय सन्ताउन्न र पैसा बीस मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १९,२८,५०,४१२.५७ (अक्षेरेपि उन्नाईस करोड अट्ठाईस लाख पचास हजार चार सय बाह्र दशमलव पाँच सात) थान साधारण शेयरमा र प्रतिशेयर रु.१००/- दरका ३,००,००,००० (अक्षेरेपी तीन करोड) थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था गर्ने ।

४. बैंकको नियमावलीको नियम ३२ को उपनियम १ को (ख) मा संशोधन गरि देहाय बमोजिम संचालकको बैठक भत्ता बृद्धि गर्ने सर्वसम्मतिबाट निर्णय भयो :

(अ) नियमावलीको नियम ३२ को उपनियम १ (ख) मा हाल रहेको "संचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य संचालकहरुले पाउने प्रति बैठक भत्ता क्रमशः १८,०००/- र १६,०००/- हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "संचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य संचालकहरुले पाउने प्रति बैठक भत्ता क्रमशः रु.२२,०००/- र रु.२०,०००/- हुनेछ ।" भन्ने व्यवस्था गर्ने ।

५. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधनको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने सर्वसम्मतिबाट निर्णय भयो ।

(ग) **विविधः** विविध तर्फ छलफलको विषय नभएको ।

१२. बधाई तथा धन्यवाद ज्ञापन :

आजको साधारण सभा सौहार्दपूर्ण वातावरणमा शान्तिपूर्वक सम्पन्न भएकाले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, सञ्चालक समितिका सदस्यहरु, बिभिन्न निकायका प्रतिनिधिहरु, लेखापरीक्षक, कानूनी सल्लाहकार, संस्थागत रुपमा यस साधारण सभामा प्रतिनिधित्व गर्नु हुने प्रतिनिधिहरु, बैंकसँग सम्बन्धित सबै

NMB BANK LIMITED

सरोकारवालाहरु लगायत अन्य उपस्थित सम्पुर्ण महानुभावहरूलाई समेत यस बैंकको तीसौं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सभाका अध्यक्षले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१३. **सभा विसर्जन :**

तीसौं वार्षिक साधारण सभामा समावेश गरिएका विषय सूची अन्तर्गतका विषयहरू उपर छलफल गरि सर्वसम्मत रुपमा सम्पूर्ण प्रस्तावहरु पारित गर्ने निर्णय भैसकेको ब्यहोरा घोषणा गर्दै सम्पूर्ण उपस्थित महानुभावहरुलाई सभा सफलतापूर्वक सम्पन्न गरिदिनु भएकोमा बधाई ज्ञापनका साथ सभाका अध्यक्ष श्री मनोज कुमार गोयलले दिनको १:३५ बजे सभा समापन गर्नुभयो ।

------------- प्रमोद कुमार दाहाल कम्पनी सचिव	NMB BANK LIMITED एनएमबि बैंक लिमिटेड	------------- मनोज कुमार गोयल अध्यक्ष